घरपभ्कोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ६१औं बैठकको निर्णयहरु**

मिति २०८३।०३।०३

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।

**निर्णय नं. १ :-**

गाउँकार्यपालिकाको मिति २०८३।२।५ गते बसेको ६० औं बैठकको समिक्षा गरियो । बैठकमा १३ निर्णयहरु भएकोमा निर्णय नं. ९ र १२ कार्यान्वयनमा रहेको र अन्य सबै निर्णयहरुको कार्यान्वयन प्र सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

आगामी आ.व. को योजना तर्जुमा एवम् बजेट सिलिङ सम्बन्धमा ।

**निर्णय नं. २ :-**

गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८३।८४ को लागि योजना तथा कार्यक्रम तर्जुमा गरी पेश सम्वन्धमा छलफल भयो । स्थानीय राजश्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धा समितिबाट प्राप्त भएको बजेट सीमाको परिधि भित्र रहेर वडा स्तरबाट प्राथमिकताको आधारमा प्रा योजना तथा कार्यक्रमहरुको आधारमा विषयगत समितिहरुले योजना तथा कार्यक्रमहरुको प्रस्ताव त गरी पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

गाउँसभा अधिवेशनको बैठक सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस घरपभ्कोङ गाउँपालिकाको गाउँसभा अधिवेशनको बैठक तपसिल बमोजिम आह्वान गर्ने सर्वसम्म निर्णय गरियो ।

तपसिल :-

मिति :- २०८३।३।१० गते, बुधवार

समय :- बिहान ०८:०० बजे

स्थान :- घरपभ्कोङ गाउँपालिकाको सभाकक्ष

मुख्य कार्यसूची :-

१. आर्थिक बर्ष २०८३।८४ को बार्षिक नीति तथा कार्यक्रम पेश हुने ।

२. आर्थिक बर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम पेश हुने ।

**प्रस्ताव नं. ४ :-**

हाल सम्मको पूर्वाधारका योजनाहरुको प्रगति समिक्षा सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

पूर्वाधार तर्फका योजनाहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो । ठुला योजनाहरुव कार्यान्वयन अवस्थामा रहेको हुँदा हाल सम्मको वित्तिय प्रगति न्युन देखिएको र चालु आ.ब.को आर्थिक ब

निर्णय प्रमाणित

०८३।०३।०३

समाप्त हुन लागेको हुँदा कार्यान्वयनमा रहेका योजनाहरुलाई यथाशिघ्र सम्पन्न गर्ने तर्फ कार कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो । साथै विविध प्राविधिक कारणले कार्यान्वयमा सन्तोषजनक प्रगति हुन नसकेको र कार्यान्वयन प्रकृयामा जान नसकेका तर उ गाउँपालिकाको विकासमा महत्वपूर्ण टेवा पुग्ने ७ वटा योजनाहरुलाई केही संशोधन सहित आ वर्ष २०८३।८४ कार्यान्वयन गर्ने गरी गाउँसभामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५ :-</u>

हाल सम्मको राजश्व संकलनको प्रगति सम्बन्धमा ।

<u>निर्णय नं. ५ :-</u>

चालु आर्थिक वर्षमा रु.१ करोड २० लाख आन्तरिक श्रोत संकलन हुने प्रक्षेपण गरिएकोमा रु.३३,४६,२८२।२८ संकलन भएको जानकारी भयो । गत विगतमा आर्थिक बर्षको अन्त्य तिर असा बढी कर संकलन हुने परिपाटि देखिएको हुँदा सबै वडाहरुले कर संकलन गर्ने तर्फ आवश्यव तिनलाई कर संकलनलाई प्राथमिकता दिन गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई नि सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. ६ :-</u>

बायोमेट्रिक हाजिरीलाई केन्द्रीय प्रणाली सँग आबद्ध गर्ने सम्बन्धमा ।

<u>निर्णय नं. ६ :-</u>

यस गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कर्मचारी शुसासनलाई अझै व्यवस्थित गर्दै जाने सरकारको प्राथमिकतामा समेत रहेको हुँदा यस गाउँपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्याल र स्वास्थ्य संस्थाहरुमा रहेको बायोमेट्रिक हाजिरी प्रणालीलाई केन्द्रीय हाजिरी प्रणाली सँग आव व्यवस्था मिलाउनका लागि कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. ७ :-</u>

घरपझोङ गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७७ संशोधन सम्बन्धमा ।

<u>निर्णय नं. ७ :-</u>

घरपझोङ गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७७ को दफा १७ को उपदफा १(ग) को व्यवस् नेपाल सरकारले मिति २०८३।१।२० गते जारी गरेको केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, को व्यवस्थाले स्वत: खारेज गरेकोले उक्त व्यवस्था यस ऐनबाट हटाउनको लागि गाउँ शिक्षा समि मिति २०८३।२।२८ गते को निर्णयानुसार अनुरोध भई आएकोले उक्त व्यवस्था हटाउने सर्वसम्मत गरियो ।

<u>प्रस्ताव नं. ८ :-</u>

मुस्ताङ इको म्यूजियम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ संशोधन सम्बन्धमा ।

<u>निर्णय नं. ८ :-</u>

मुस्ताङ इको म्यूजियम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद ८ को १० को उपदफा (३) मा भएको व्यवस्थालाई परिमार्जन गरी उक्त व्यवस्थामा अक्षय कोषको सञ्चालन

म्यूजियम सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट समितिका संयोजकले तोकेको सदस्य र समितिका सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गर्नको लागि गाउँ कार्यपालिकालाई अनुरोध गर्ने सम्बन्धमा इको म्यूजियम सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८३।०२।२७ गते निर्णय भएको बुँदा बमोजिम अनुसार हुने गरी कार्यविधि संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ९ :-

स्थानीय पाठ्यपुस्तक, हाम्रो घरपभ्फोङ (कक्षा ४-५) को पाण्डुलिपि लेखन पारिश्रमिक सम्बन्धमा ।

निर्णय नं. ९ :-

स्थानीय पाठ्यपुस्तक, हाम्रो घरपभ्फोङ (कक्षा ४-५) को आधारमा तयार गरिएको स्थानीय पाठ्यपुस्तक अर्को घरपभ्फोको पाण्डुलिपि लेखनको जिम्मा कक्षा १-३ को स्थानीय पाठ्यपुस्तक लेखन गरि सक्नु भएका जनहित माध्यमिक विद्यालय, जोमसोमका मा.वि. द्वितीय श्रेणीका अनुभवि स्थायी शिक्षक श्री कर्ण बहादुर थकालीलाई जिम्मा दिएकोमा निजले २०८३ जेठ महिनको मसान्तसम्म उक्त पाण्डुलिपि तयार गरि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने सम्बन्धमा प्रस्ताव पेश गरि समयमै प्रदान गरिएको जिम्मेवारी सम्पन्न गरेकोले निज शिक्षक श्री कर्ण बहादुर थकालीलाई स्थानीय पाठ्यपुस्तकको पाण्डुलिपि तयार गरे वापतको पारिश्रमिक प्रति कक्षा रु.१,००,०००।- (अक्षेरुपी एक लाख) नियमानुसार कर कट्टी गरी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त पाण्डुलिपिको शुद्धाशुद्धि गर्ने सम्बन्धमा बसेको बैठकका विज्ञ सदस्यहरुलाई प्रति बैठक नियमानुसार कर कट्टी हुने गरी प्रति बैठक रु.१,०००।- बैठक भत्ता दिने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १० :-

Backhoe Loader को भ्याट रकम सम्बन्धमा ।

निर्णय नं. १० :-

गाउँपालिकाको चालु आ.ब.को स्वीकृत कार्यक्रम बमोजिम विज्ञ Mechanical Engineer श्री प्रेम प्रसाद सापकोटा (NEC Regd No. २८५४) बाट तयार भएको Specification तथा Cost Estimation बमोजिम खरिद प्रक्रिया अघी बढेकोमा नेपाल सरकारबाट आगामी आर्थिक बर्षको लागि पेश भएको बजेट तथा कार्यक्रममा बजेट पेश भएको मिति देखिनै हेभी इक्यूपमेन्टमा समेत १३% भ्याट लाग्ने व्यवस्था भएको हुँदा यस कार्यालयले खरिद गर्ने Backhoe Loader खरिदमा लाग्ने १३% भ्याट रकम रु.७,५२,७००।- मध्ये सम्बन्धित शिर्षकमा अपुग हुने रकम चालु आ.ब.को समपूरक कोष वा वडा नं. १,२,३ र ५ मा खुल्ला व्यायमशाला निर्माण तथा फिटिङ शिर्षक अन्तर्गतको बचत रकमबाट भुक्तानी दिने सर्वम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ११ :-

बालमैत्री आचार संहिता, २०८३ सम्बन्धमा ।

निर्णय नं. ११ :-

चालु आ.ब. को असार महिनामा यस घरपभ्फोङ गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने सन्दर्भमा कार्यालयबाट तयार भएको बालमैत्री आचार संहिता, २०८३ लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८३/०३/०२

प्रस्ताव नं. १२ :-

करार शिक्षकको विज्ञापनको लागि अनुमति सम्वन्धमा ।

निर्णय नं. १२ :-

यस गाउँपालिका १ नं. वडामा अवस्थित छैरो आधारभुत विद्यालयमा स्थायी शिक्षक सरुवा भई जानु भएको र निजको स्थानमा शिक्षक पदपुर्ति हुन नसकेको हुँदा स्थायी शिक्षक हाजिर हुने दिन देखि करार समाप्त हुने गरी करार शिक्षकको विज्ञापनको लागि अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १३ :-

पुथाङ एक्लेभट्टीमा रहेको पार्किङ स्थललाई भाडामा दिने सम्बन्धमा ।

निर्णय नं. १३ :-

यस गाउँ कार्यपालिकाको मिति २०८१।१२।२२ गते बसेको ४२ औं बैठकको निर्णय नं. ७ को क्र.सं. २ मा उल्लेख भएको घरपझोङ गा.पा. ३ को पुथाङ एक्लेभट्टीमा रहेको बसपार्क (३ वटा सटर कोठा सहित ) वार्षिक न्युनतम् भाडा रु. १,००,०००।- गाउँपालिकालाई बुझाउने गरी दरखास्त आह्वानको सूचना प्रकाशन गर्दा भाडामा जान नसकेले उक्त पार्किङ स्थललाई यथावस्थामा र यस अघि तोकिएको न्युनतम् भाडा दर वार्षिक रु.१,००,०००।- मा (गाउँपालिकाबाट कुनै किसिमको मर्मत लगायत निर्माण कार्य नहुने गरी) भाडामा लंगाउनका लागि पूनः १५ दिनको सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १४ :-

परामर्शकर्ता (आप्रवासी श्रोत केन्द्र) र उद्यम विकास सहजकर्ता करारमा लिने सम्बन्धमा ।

निर्णय नं. १४ :-

SAMI कार्यक्रम अन्तर्गत हाललाई रिक्त रहेको परामर्शकर्ता (आप्रवासी श्रोत केन्द्र) र MEDPA कार्यक्रम तर्फ रिक्त रहेको उद्यम विकास सहजकर्ता करारमा लिनका लागि सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १५ :-

Bottle Collector सम्बन्धमा ।

निर्णय नं. १५ :-

चालु आ.ब. को नवप्रवर्द्धन साझेदारी कार्यक्रम (IPF) गण्डकी प्रदेश अन्तर्गत स्वीकृत फोहर व्यवस्थापन तथा संकलन केन्द्र स्थापना योजना अन्तर्गत विभिन्न स्थानमा Bottle Collector राख्नका लागि तयार भएको Bottle Collector लाई तपसिल बमोजिम वडाहरुका विभिन्न स्थानहरुमा राख्ने निर्णय गरियो । साथै घरधुरी र पसलहरुमा प्लास्टिकका झोलालाई व्यवस्थापन गर्नका लागि तयार भएको सूईरोलाई गाउँपालिकाका सबै घरधुरी र पसललाई वितरण गर्न पुग्ने गरी तयार गर्ने र वितरण गर्ने समेत निर्णय गरियो ।

तपसिल (Bottle Collector राख्ने स्थानहरु)

१) १ नं. वडा :- ४ थान,

२) २ नं. वडा :- खेलकुद मैदान- १ थान, एप्पलपार्क-१ थान,

निर्णय प्रमाणित

[signature]

०८२।०३।०२

३ ३ नं. वडा :- झोनाघाङ पार्क-१ थान, पुलचोक-१ थान, म्यूजियम जाने गेटको नजिक-१ थान, गजुर होटल अघि-१ थान,

४ ४ नं. वडा- ५ थान,

५ ५ नं. वडा- भ्यूटावर-१, छोमाछो ताल-१, डाँडा गुम्वा-१ थान, नमखु-१ थान, होमस्टे गेट-१ थान, ढुम्वा ताल-१ थान, ठिनी गुम्वा-१ थान, ढुम्वा गाउँ-१ थान,

६ गाउँपालिकाको कार्यालय-१ थान

<u>प्रस्ताव नं. १६ :-</u>

Apex-Amit JV, Pokhara को पत्रका सम्बन्धमा ।

<u>निर्णय नं. १६ :-</u>

बैठकमा पेश भएको Apex-Amit JV, Pokhara को मिति २०८३।०२।२६ को पत्रको व्यहोरा बारे जानकारी भयो ।

निर्णय प्रमाणित

०८३।०२।०३